बैठक नं. ९४

आज मितिः२०७८।०२।०२ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | वासुदेव खनाल | सचिव | |

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८।०२।०२

**कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु-**

१. बाणगंगा नगरपालिकाको वैशाख मसान्त सम्मको आय व्यय सम्बन्धमा।
२. दोस्रो लहरको कोभिड-१९ महामारीको व्यवस्थापन र हालसम्मको अवस्थाको समिक्षा सम्बन्धमा।
३. कोभिड-१९ महामारी व्यवस्थापनको लागि विभिन्न समितिहरु गठन सम्बन्धमा।
४. अक्सिजन प्लान्ट निर्माण सम्बन्धमा।
५. स्वास्थ्य कर्मीहरुको जोखिम भत्ता सम्बन्धमा।
६. PCR जाँचको दायरा बढाउने सम्बन्धमा।
७. CFLG सहजकर्ताहरुको म्याद थप सम्बन्धमा।
८. महामारी व्यवस्थापनको लागि प्राप्त हुने नगद तथा जिन्सी सहयोगको एकद्वार प्रणाली कायम गर्ने सम्बन्धमा।
९. नदी जन्य पदार्थको परिमाण सम्बन्धमा।
१०. महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा औलाईएका वेरुजुहरुको सम्परीक्षण सम्बन्दमा।
११. वनकसिया खोला नाकाको नदिजन्य पदार्थ सम्बन्धमा।
१२. विविध

**निर्णयहरुः-**

**निर्णय नं. १**

आ.व.०७७।७८ को वैशाख मसान्त सम्मको आन्तरीक आम्दानी तथा खर्चको (आय व्यय) विवरण निम्नानुसार भएकोले सोही अनुसार सार्वजनिक गर्ने ।

| क्र सं | वजेटको स्रोत | वजेट अनुमान | वजेट सँसोधन | हालसम्म निकासा | हालसम्म खर्च | निकासामा खर्च प्रतिशत | विनियोजनमा खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सँघीय समानिकरण | १८९१००००० | १८९१००००० | ९४५५०००० | ८८९६१००० | ९४.०९ | ४७.०४ | |
| २ | सँघीय सर्सत | ४१६५००००० | ४५५५१२००० | २१०७२९७५० | १५८८६९००० | ७५.३९ | ३४.८८ | |
| ३ | सँघीय विशेष | १८०००००० | १८०००००० | ९०००००० | ० | ०.०० | ०.०० | |
| ४ | सँघीय समपुरक | ४०००००० | ४०००००० | २०००००० | ० | ०.०० | ०.०० | |
| ५ | प्रदेश समानिकरण | ६२७८००० | ६२७८००० | ४७०८५०० | २४५०००० | ५२.०३ | ३९.०३ | |
| ६ | प्रदेश सर्सत | १७८५०००० | १७८५०००० | १७८५०००० | १०७५००० | ६.०२ | ६.०२ | |
| ७ | प्रदेश विशेष | ७०००००० | ७०००००० | ७०००००० | ३३०००० | ४.७१ | ४.७१ | |
| ८ | प्रदेश समपुरक | २००००००० | २००००००० | १५०००००० | १००५०००० | ६७.०० | ५०.२५ | |
| ९ | राजश्व वाँडफाँड सँघ | १२८२२२५७० | १२८२२२५७० | ६८६१२१८४ | ३५९३८००० | ५२.३८ | २८.०३ | |
| १० | राजश्व वाँडफाँड प्रदेश | ५००२३००० | ५८६०७००० | २२१४४९७५ | १४१००००० | ६३.६७ | २४.०६ | |
| ११ | आन्तरिक स्रोत | ९१७२५४३० | १११७२५४३० | ९२१२३८९० | ४६७९३००० | ५०.७९ | ४१.८८ | |
| १२ | जनसहभागिता | २५०००००० | २५०००००० | ४०८६२५७ | ६०५००० | १४.८१ | २.४२ | |
| १३ | आई टि | ३६६४३० | ३६६४३० | १०७९६५ | १०७९६५ | १००.०० | २९.४६ | |
| १४ | सडक वोर्ड | ३५००००० | ३५००००० | ० | ० | ०.०० | ०.०० | |
| १५ | जि स स | ५०००००० | ६८१८२३८ | ६८१८२३८ | ५६६९००० | ८३.१४ | ८३.१४ | |
| १६ | स्थानीय पुर्वाधार वि सा | २०००००००० | २५२२०००० | २५२२०००० | ४३५७१४५ | १७.२८ | १७.२८ | |
| १७ | बहुक्षेत्रीय पोषण | १०००००० | २८२४००० | ० | ० | ०.०० | ०.०० | |
| १८ | सामाजिक सुरक्षा | १८०००००००० | १८०००००० | १४८३१३००० | १२६८१३७०४ | ८५.५० | ७०.४५ | |
| | जम्मा | ११८३५६५४३० | १२६००२३६६८ | ७२८२६४७५४ | ४९६११८८१४ | ६८.१२ | ३९.३७ | |

निर्णय नं. २

कोभिड-१९ दोस्रो लहरको महामारिको व्यवस्थापन सम्बन्धमा हालसम्मको अवस्था निम्नानुसार भएकोले सार्वजनिक गर्ने ।

| अवधी | पोजेटिभ देखिएको | सक्रिय संक्रमण | निको भएको | आईसोलेसनमा भर्ना | उपचारार्थ संख्या | अन्यत्र रिफर | मृत्यु | आईसोलेसन डिस्चार्ज | आईसोलेसनमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७८।०२।०२ सम्म | ५४५ जना | ३९४ जना | १३६ जना | २४ जना | ४ जना | ९ जना | १९ जना | ७ जना | ४ जना |

निर्णय नं. ३

दोस्रो लहरको कोभिड-१९ को महामारीको रोकथाम र व्यवस्थापनको लागि अनुसूची १ बमोजिम समितिहरु गठन गर्ने ।

निर्णय नं. ४

हालसालै तीव्ररुपमा फैलिएको दोस्रो लहरको कोभिड-१९ कोरोना भाईरसको संक्रमणबाट हुने विरामीहरुको लागि अक्सिजनको व्यवस्थापन र भविष्यमा भैपरि आउने विभिन्न महामारीहरुको पूर्वतयारीको लागि सामुदायिक अस्पताल र नगरपालिकाको समान लागत साझेदारीमा अक्सिजन प्लान्ट निर्माण गर्न लागत एकिन, स्थानको व्यवस्थापन लगाएतका कार्यहरुको लागि सहयोगी संघसंस्थाहरुसंग समन्वय र सहकार्यको वातावरण श्रृजना समेत गर्नको लागि निम्नानुसारको अध्ययन तथा समन्वय कार्यदल गठन गरि जिम्मेवारी दिने ।

| | |
|---|---|
| संयोजक | श्री गणेशबहादुर क्षेत्री वडा नं. ४ अध्यक्ष |
| सदस्य | श्री बिष्णुप्रसाद पौडेल वडा नं. २ अध्यक्ष |
| ,, | श्री गुणानिधि भुसाल वडा नं. ८ अध्यक्ष |
| ,, | श्री ध्रुब बेल्बासे वडा नं. ९ अध्यक्ष |
| ,, | श्री कैबराज भट्टराई - शाखा अधिकृत बाणगंगा नगरकार्यपालिकाको कार्यालय |

निर्णय नं. ५

दोस्रो लहरको कोभिड-१९ को महामारीको व्यवस्थापनमा आईसोलेसन, पिसिआर कलेक्सन, कन्ट्रयाक्ट ट्रेसिङ, डाटा संकलन, एन्ट्री लगाएतको कार्यमा खटिने स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी जोखिम भत्ता उपलब्ध गराउने सम्बन्धी प्रचलित मापदण्डले तोके बमोजिम कम नहुने गरि जोखिम भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ६

कोरोना भाईरसको बढ्दो संक्रमणलाई रोकथाम (चेन ब्रेक) गर्नको लागि PCR Test को दायरा बढाई तत्काल कम्तिमा १००० व्यक्तिहरुको एक हप्ता भित्र PCR Test गर्ने र सोको लागि PCR Test Kit समेत तत्काल खरिद गर्ने ।

निर्णय नं. ७

बाणगंगा नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणाको पूर्व तयारीका वडास्तरीय क्रियाकलापहरु संचालन गर्न यस बाणगंगा नगरपालिका अन्तर्गत सबै वडाहरुमा कार्यरत CFLG सहजकर्ताहरुको म्याद असार मसान्त सम्म थप गर्ने ।

निर्णय नं. ८

बाणगंगा नगरपालिकाभित्र तीव्ररुपमा फैलिएको कोभिड-१९ को संक्रमणलाई रोकथाम तथा व्यवस्थापन सम्बन्धी कार्यमा सहभागी भई कोभिडबाट संक्रमित नगरबासिहरुको स्वास्थ्य उपचार तथा महामारिको व्यवस्थापनको लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्री र नगद समेत सहयोग गर्न चाहने व्यक्ति तथा संस्थाले आफुले उपलब्ध गराउने जिन्सि तथा नगद नगरपालिकामा अभिलेख कायम गर्ने गरि एकद्वार प्रणालिबाट वितरण गर्ने कार्यमा सहयोग पुराउन सार्वजनिक सूचना जारी गर्ने ।

निर्णय नं. ९

यस कार्यालयबाट आर्थिक वर्ष २०७७।७८ मा आन्तरीक आएका ठेक्का व्यवस्थापनको लागि नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन अनुसार ठेकेदारले निकालेको परीमाणको स्थलगत अनुगमनबाट देखिएको प्राविधिकबाट एकिन सहित पेश भएको अनुसूची-२ बमोजिमको नदीजन्य पदार्थको परिमाण प्रमाणित गर्ने र नगरपालिकाले पाउनुपर्ने क्रिस्ता वापतको रकम असुल गर्ने प्रक्रृयाको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. १०**

महालेखा परीक्षकको कार्यालयबाट डोर मुकाम खटिएको म.ले.प. टोलीबाट प्राप्त यस कार्यालयको आ.व.०७६।७७ लेखा परीक्षण प्रतिवेदन यस कार्यपालिकाको बैठकमा छलफल भई प्राप्त सुझाव अनुसूची-३ अनुसार औलाईएका वेरुजुहरुको सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पठाउने ।

**निर्णय नं. ११**

जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु, तौलिहवाको च.नं.५८४, मितिः२०७८।०१।०६ को निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धी पत्रानुसार बाणगंगा अन्तर्गत भगलापुर नाकाको नदीजन्य पदार्थको ठेक्का तत्काल बन्द गर्नको लागि अनुरोध भई आएकोमा यस कार्यालयको मितिः२०७८।०१।०७, चलानी नं. ३५९७ अनुसार उक्त नाकाको ठेक्का सम्झौता गर्ने श्री ओम सत्य साई कन्स्ट्रक्सन, बाणगंगा-५, कोपवा कपिलवस्तुलाई बाणगंगा खोलाको भगलापुर नाकाको नदीजन्य पदार्थको उत्खनन सम्बन्धी कार्य अर्को निर्णय नभएसम्मका लागि बन्द गर्न अनुरोध गरिएकोमा उक्त फर्मलाई पहिलो पटकलाई सचेत गराउने तथा सम्झौताका शर्त बमोजिम र स्वास्थ्य सुरक्षाका मापदण्ड अबलम्बन गरी उत्खनन गर्नका लागि अनुमति दिने ।

**निर्णय नं. विविध १२**

१. बनगाई जरुवाको अधुरो बाटो कालोपत्रे योजनाको १५ लाख को टेण्डरको बचेको रु. ५ लाख ६२ हजारबाट शान्ति टोल सडक छेउँ दिवाल र कूलो निर्माण गर्ने ।
२. नगरसभा तयारीको लागि अतिरिक्त समय खटिने कार्यालयले तोकेको कर्मचारी तथा पदाधिकारीलाई कार्यभार र अतिरिक्त समय खटिएको आधार हेरी सोही आधारमा बढीमा १ महिना सम्मको पारिश्रमिक सुविधा उपलब्ध गराउने ।
३. लवनी लखनचोकबाट पश्चिमतर्फ आउने बाटो ग्रेभल योजना स्थगीत गरि सो को लागि विनियोजन गरिएको रकम रु. ४ लाख रकमबाट वडा कार्यालय अगाडी कल्भर्ट रिटनिङ वाल तथा ईन्टरलकिङ ब्लक लगाउने ।